# मुसिकोट नगरपालिका

# स्थानीय राजपत्र

**खण्ड : ४** **संख्या : ६** **कार्तिक 12,2077**

## भाग - २

## मुसिकोट नगरपालिका

## नगर कार्यपालिकाको कार्यालयको

## सूचना

## वीउपूंजी तथा घुम्ती कोष कार्यक्रम संचालन कार्यविधि, २०७७

संवत २०७७ सालको कार्यविधि नं. ६

प्रस्तावना : सार्वजनिक क्षेत्र, निजी र सहकारी मार्फत देशलाई समृद्ध बनाउने राज्यको मुलमर्म अनुरुप मुसिकोट नगरपालिकालाई आत्मनिर्भर बनाई समृद्ध मुसिकोट नगरपालिका निर्माणका लागि सहकारीलाई समाजवाद निर्माणको प्रमुख आधार स्तम्भको रुपमा विकास गरी नगरपालिका क्षेत्र भित्र संचालित सहकारीहरुको प्रबर्धन, सुदृढीकरण तथा सशक्तिकरण गर्दै सामाजिक, आर्थिक, सास्कृतिक लगायत

पूर्वाधारका क्षेत्रहरुको विकास गर्दै गरिवी निवारणमा टेवा पुर्याउने मुख्य उद्देश्यका साथ सहकारी संस्था मार्फत बीउपुँजि तथा घुम्ती कोष कार्यक्रम सञ्चालनका लागी यस नगरपालिकाले सहकारी ऐन, २०७४ को दफा १०१ बमोजिम “वीउपूंजी तथा घुम्ती कोष कार्यक्रम संचालन कार्यविधि २०७७” तयार गरि स्वीकृत गरेको छ।

# परिच्छेद-१

## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ :**

(१) यो कार्यविधिको नाम “वीउपूंजी तथा घुम्ति कोष कार्यक्रम संचालन कार्यविधि २०७७” रहेको छ।

(२) यो कार्यबिधि तुरुन्त प्रारम्भ हुनेछ।

**२. परिभाषा** : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यबिधिमा :

(क) “सहकारी संस्था” भन्नाले प्रचलित कानुन बमोजिम स्थानीय सरकारबाट दर्ता भएका सहकारी संस्था सम्झनुपर्छ।

(ख)“सहकारी खेती” भन्नाले सहकारी संस्थाले बहुवर्षिय रुपमा भुमिको व्यवस्था गरी आफ्ना सदस्यहरुलाई प्रत्यक्ष संग्लन गराएर सामुहिक वा व्यक्तिगत जोखिममा संचालन गर्ने खेतीपाती सम्झनु पर्छ र सो शब्दले त्यसरी सामुहिक

जोखिममा गरिने तरकारी, फलफुल, वीउ उत्पादन, पशुपालन, माछापालन, रेशमखेती, मौरीपालन, कुखुरापालन तथा स्थानीय र रैथाने वाली प्रवर्द्धन कार्यक्रम जस्ता व्यवसायलाई समेत जनाउंछ ।

(ग) "कार्यक्रम" भन्नाले मुसिकोट नगर कार्यपालिकाको कार्यालयबाट संचालन गरिने सहकारी संस्था मार्फत संचालन गरिने वीउपूंजी तथा घुम्ती कोष कार्यक्रमलाई सम्झनुपर्छ ।

(घ) "व्यवसायिक योजना" भन्नाले सहकारी संस्था मार्फत वीउपूंजी तथा घुम्ती कोष कार्यक्रम अन्तरगत संचालन गरिने उद्यमहरु जस्तै साना उद्योग, व्यापार व्यवसाय, कृषि र पशुपालनमा आधारित खेती तथा बजारीकरण लगायतका व्यवसायका कियाकलापहरु समेटिएको योजनालाई जनाउनेछ ।

(ङ) "परियोजना प्रस्ताव" भन्नाले सहकारी संस्थाहरुले मुसिकोट नगरपालिका अन्तर्गतका निकायबाट संचालन हुने वीउपूंजी तथा घुम्ती कोष कार्यक्रम संचालनको प्रक्रिया, क्रियाकलाप र योजना सहितको आर्थिक तथा प्राविधिक प्रस्तावपत्रलाई सम्झनुपर्छ ।

(च) “नगरपालिका” भन्नाले मुसिकोट नगरपालिका रुकुम (पश्चिम) लाई सम्झनुपर्छ ।

(छ) “छनौट समिति” भन्नाले दफा १० बमोजिम गठित संस्था छनौट समिति सम्झनुपर्छ ।

(ज) “अनुदान” भन्नाले सहकारी संस्था मार्फत वीउपूंजी तथा घुम्ती कोष कार्यक्रमबाट व्यवसाय संचालनका लागि प्राप्त हुने रकमलाई सम्झनुपर्छ ।

(झ) “ऋणी” भन्नाले सहकारी संस्थाबाट उपलब्ध गराइने वीउपूंजी तथा घुम्ती कोषबाट रकम लिइ व्यवसाय शुरुवात गर्ने सम्बन्धित सहकारीका सदस्यहरुलाई जनाउनेछ ।

(ञ) “कार्यालय” भन्नाले मुसीकोट नगर कार्यपालिकाको कार्यालयलाई जनाउनेछ ।

# परिच्छेद-२

# कार्यक्रम संचालन सम्बन्धी व्यवस्था

**३. कार्यक्रम संचालन गर्ने संस्था :**

(१) नगरपालिका क्षेत्र भित्र संचालनमा रहेका सहकारीहरु मध्येबाट उपयुक्त सहकारी छनौट गरी सहकारी संस्था मार्फत वीउपूंजी तथा घुम्ती कोष कार्यक्रम संचालन गर्न सक्नेछ ।

(२) तपशिल बमोजिम मापदण्ड पुगेका सहकारी संस्थाहरु वीउपूंजी तथा घुम्ती कोष संचालन कार्यक्रममा सहभागी हुन पाउने सक्नेछन् ।

(क) प्रचलित कानून बमोजिम दर्ता भएका कृषि, पशुपालन, श्रमिक तथा बहुउद्देश्यीय, दुग्ध सहकारी लगायतका सहकारी संस्थाहरु ।

(ख) नगरपालिकामा दर्ता तथा नविकरण भएका सहकारी संस्थाहरु ।

(ग) सहकारीको उद्देश्य अनुसार कार्य गरिरहेको ।

(घ) प्रचलित कानून बमोजिम पान/भ्याट नम्बर लिई करचुक्ता गरेको सहकारी संस्थाहरु ।

(ङ) गैर कानुनी काम नगरेको र कुनै सजाय नभोगेको तथा कालोसूचीमा नपरेका सहकारी संस्थाहरु ।

(३) कार्यक्रम संचालनका लागि छनौट भएको सहकारी संस्थाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न वन उपभोक्ता समिति, कृषि समुह, पशू समुह, आमा समूह आदि समूह तथा समितिहरुका अति विपन्न सदस्यहरुलाई समेत समेटेर वीउपूंजी तथा घुम्ती कोष लगानी गर्न सक्नेछ ।

## ४. सहकारी संस्था छनौटका मापदण्डहरु :

(१) वीउपूंजी तथा घुम्ती कोष कार्यक्रमबाट अनुदान प्राप्त गर्नका लागि सहकारी संस्थाहरुबाट अनुसुची ३ बमोजिम परियोजना प्रस्तावना पेश गर्नु पर्नेछ ।

(२) दुर्गम पिछडिएको क्षेत्रका सहकारी संस्थाहरुलाई पहिलो प्राथमिकतामा राख्नु पर्नेछ ।

(३) अनुसुची ७ बमोजिमको छनोट प्राथमिकता र अनुसुची ८ बमोजिम छनोट आधारमा उच्चतम अंक प्राप्त गर्ने सहकारी संस्था छनौट गरिनेछ ।

## ५. कार्यक्रमबाट संचालन गर्न सकिने क्रियाकलापहरु :

अनुदानग्राही सहकारी संस्थाहरुले यस कार्यक्रम मार्फत तपशिलका योजनाहरु संचालन गर्न सकिनेछ ।

(क)कृषि बालीहरु (तरकारी, फलफुल, चिया, कफी, वीउविजन, अन्नबाली तथा अन्य नगदे वाली) मा आधारित उत्पादनका कार्यक्रमहरु,

(ख)पशुपालन (कुखुरा/भेडा-बाखा/गाई-भैसी/हासँ/लगायतका छिटो प्रतिफल दिने पशुपंछी पालन

(ग) माछापालन तथा मौरीपालन कार्यक्रम

(घ)कृषि तथा पशुपालनबाट उत्पादित बस्तुहरुको बिकि बितरण

(ङ) कृषि तथा पशुपन्छीजन्य घरेलु उद्योग,

(च) साना व्यापार व्यवसाय संचालन

(छ) सीपमा आधारित आयमूलक व्यवसाय ।

## ६. सहकारी संस्था छनोट गर्नका लागी अपनाइने प्रकिया :

(क) सहकारी संस्था मार्फत वीउपूजी तथा घुम्ती कोष कार्यक्रमको संचालन नगरपालिका आफै वा आवश्यकता अनुसार आफ्नो मातहतका अन्य निकायबाट सञ्चालन गर्न गराउन सक्नेछ । कार्यालयले कार्यक्रम संचालनका लागी प्रचलित सार्बजनिक खरिद ऐन तथा नियमावलीले तोके अनुसारको म्याद दिई अनुसुची १ बमोजिमको ढाँचामा सुचना प्रकाशन गर्नु पर्नेछ ।

(ख) सुचना प्रकाशन भएपछि इच्छुक तथा योग्यता पुगेका सहकारी संस्थाहरुले अनुसुची २ अनुसारको आबेदन र अनुसुची ३ अनुसारको परियोजना प्रस्ताव पेश गर्नुपर्नेछ ।

(ग) प्रस्तावपत्र आव्हानमा म्याद भित्र पेश भएका प्रस्तावपत्रहरुको दफा १० बमोजिमको सहकारी संस्था छनौट समितिबाट अनुसुसी ७ बमोजिमको प्रारम्भिक जांच सूची र अनुसुची ८ बमोजिमका प्रस्तावपत्र मुल्यांकनका आधार बमोजिम प्रस्तावपत्रहरुको मूल्यांकन गरी छनौट

भएका सहकारी संस्थाहरु मार्फत कार्यक्रम संचालन गर्न सिफारिस गर्ने ।

(घ) सहकारी संस्था छनौट समितिबाट सिफारिस भई आएका सहकारी संस्थाहरुसंग नियमानुसारका शर्त सहितको सम्झौता गर्ने ।

**७. सहकारी संस्थाहरुले ऋण लिने व्यवसायी /ऋणीहरुको छनौट प्रकिया :**

(१) वीउपूंजी तथा घुम्ती कोष रकम प्राप्त गर्ने सहकारी संस्थाहरुले आफुले प्राप्त गरेको रकम तथा व्यवसायको विवरण सहकारीका पदाधिकारी लगायत शेयर तथा बचतकर्ताहरुलाई जानकारी गराउनु पर्नेछ । उक्त जानकारीलाई सुचना पाटिमा पनि टाँस गर्नुपर्नेछ ।

(२) वीउपूंजी तथा घुम्ती कोष कार्यक्रम संचालनका लागि छनौट भएका सहकारी संस्थाहरुले कम्तिमा १५ दिनको म्याद दिई अनुसुची ४ बमोजिम सुचना निकाली आफ्ना सदस्यहरुलाई व्यवसाय गर्न ऋण लिन दरखास्त आव्हान गर्नुपर्नेछ ।

(३) व्यवसाय गर्न इच्छुक सहकारी सदस्यहरुले अनुसुची ५ बमोजिमको आवेदन सहित अनुसुची ६ बमोजिम व्यवसायीक योजना पेश गर्नुपर्नेछ ।

(४) आवेदन दिएका ऋृण लिन इच्छुक व्यवसायीहरुको छनोट दफा ११ बमोजिमको व्यवसायी छनौट समितिबाट अनुसुची ९ बमोजिम व्यवसायीक योजनाको मुल्यांकनका आधारमा उच्चतम अंक प्राप्त गर्ने व्यबसायीलाई छनौट गर्नुपर्नेछ ।

(५) ऋृण लिन इच्छुक व्यवसायीहरुको छनोट गर्दा दलित, अपांग, एकल महिला, द्धन्द्ध पिडित, अति विपन्न, र व्यवसाय संचालन गर्न सम्भाव्य सदस्यहरुलाई पहिलो प्राथमिकता दिनुपर्नेछ ।

## ८. लगानी तथा व्याजदर सम्बन्धी व्यवस्था :

(१) सहकारी संस्था मार्फत वीउपूंजी तथा घुम्ती कोष संचालन कार्यक्रमबाट घुम्ती कोष रकम पाउनका लागी आबेदन दिएका सहकारीहरुले दरखास्त साथ दिएका व्यवसायीक योजनाको सम्भाव्यताका आधार, शेयर तथा बचत पुजि र सहकारी संस्थाको परिपक्वताका आधारमा बढिमा प्रति सहकारी रु. १० लाख नबढाइ एकमुष्ट रकम उपलब्ध गराउन सकिनेछ । कार्यक्रम बाट उपलब्ध गराइएको कुल वीउपूंजी तथा घुम्ती कोषमा सहकारी संस्थाको तर्फबाट पनि १०% रकम अनिवार्य रुपमा राख्नुपर्नेछ ।

(२) सहकारी संस्थाहरुले ऋण लगानी गर्दा छनौट भएका व्यवसायीहरुको व्यवसायीक योजना, काम गर्ने क्षमता, सीप, जनशक्ति तथा आवश्यकताका आधारमा अधिकतम रु २ लाखसम्म विना धितो ऋण उपलव्ध गराउन सक्नेछ ।

(३) अनुदान प्राप्त गर्ने सहकारी संस्थाले १०% आफ्नो लगानी लगाई हुन आउने रकमको बढिमा बार्षिक ५% का दरले आफ्ना शेयर सदस्य व्यवसायीहरुलाई व्याज निर्धारण गर्नु पर्नेछ भने उक्त बार्षिक व्याज मध्ये २% व्याज वीउपूंजीका रुपमा घुम्ती कोषमा जम्मा गर्नु पर्नेछ ।

(४) यसरी लगानी गरेको रकम बढिमा ५ वर्ष भित्र ५ किस्ता गरी असुल उपर गरिनु पर्नेछ र उक्त साँवा व्याज सहितको रकम चक्रिय रुपमा संस्थाका शेयर सदस्यहरु मध्ये कार्यविधिको प्रक्रिया पुरा गरी अर्को सदस्यलाई लगानी गर्नु पर्नेछ ।

## ९. ऋण लिन इच्छुक व्यवसायीहरुको मापदण्ड :

(क) ऋण लिन इच्छुक व्यवसायीहरु सम्बन्धित सहकारीको सदस्य/शेयर धनी/बचतकर्ता हुनुपर्नेछ ।

(ख) ऋण लिन इच्छुक व्यवसायीहरुले घुम्ती कोष रकम लिनका लागी दरखास्त आब्हान गरेपछि आफ्नो व्यवसायीक योजना अनुसार व्यवसाय संचालन गर्न प्रतिबद्ध हुनुपर्नेछ ।

(ग) ऋण प्राप्त गर्ने सहकारीका सदस्यहरुले सहकारीको ऋण लगानी तथा असुली विनियमावली अनुसार सावा तथा व्याज तिर्न मञ्जुर हुनुपर्छ ।

# परिच्छेद-३

# कार्यक्रम छनौट समितिको गठन सम्बन्धी व्यवस्था

**१०.सहकारी संस्था छनौट समिति** :

कार्यक्रम संचालन गर्न नगर स्तरमा आवेदन दिने सहकारीहरुको प्रस्तावपत्र मुल्यांकन गरी सिफारिस गर्नका लागि तपशिल बमोजिमको सहारी संस्था छनौट समिति गठन गरिनेछ ।

(क) आर्थिक विकास समितिको संयोजक -संयोजक

(ख) प्रमुख प्रशासकिय अधिकृत -सदस्य

(ग) आर्थिक विकास शाखा प्रमुख -सदस्य सचिव

**११.व्यवसायी छनौट समिति :**

नगर स्तरमा सहकारी छनोट समितिबाट छनोट परि सहकारी संस्था मार्फत वीउपूंजी तथा घुम्ती कोष संचालन कार्यक्रम संचालनका लागी सम्झौता गरेका सहकारी संस्थाहरुले घुम्ती कोषबाट ऋण

लिन इच्छुक योग्य सदस्यहरुको छनोट तपशिल बमोजिमको समिति गठन गरि छनोट कार्य गर्न सकिनेछ।

(क) सहकारी संस्थाको अध्यक्ष -संयोजक

(ख) नगर पालिकाको सहकारी शाखा हेर्ने कर्मचारी -सदस्य

(ग) नगरपालिकाको सम्बन्धित विषयगत शाखाका प्रमुख वा प्रतिनिधि -सदस्य

(घ) सहकारी अन्तरगतको ऋण लगानी तथा असुली समितिका संयोजक -सदस्य सचिव

# परिच्छेद-४

# कार्यक्रम कार्यान्वयन सम्बन्धी व्यवस्था

**१२. विवरण सार्वजनिक गर्नुपर्ने :**

(१) सहकारीले कार्यक्रमबाट सञ्चालित कार्यक्रमको विवरण र खर्चको विवरण कार्यक्रम स्थल एवं संस्थाको कार्यालयमा र्सवसाधारणको जानकारीको लागि प्रष्टसंग पढ्न सकिने गरि सहकारी संस्थाले आफ्नो सूचना पाटीमा कम्तीमा १५ दिने सूचना टाँस गरी सार्वजानिक गर्नु पर्नेछ।

(२) कार्यक्रमको गतिविधिका वारेमा सम्पूर्ण शेयर सदस्यहरुको आम भेला गरि सार्वजानिक गर्नु पर्नेछ

**१३. प्रतिवेदन पेश गर्नुपर्ने :**

सहकारी संस्थाहरुले यस कार्यक्रमबाट संचालन गरिएको कार्यक्रमको प्रगति विवरण चौमासिक रुपमा नगरपालिका वा नगरपालिका अन्तरगतका निकायमा पेश गर्नुर्पेछ ।

**१४. कार्यक्रम अनुगमन समितिको गठन :**

कार्यान्वयनमा रहेका कार्यक्रमहरुको अनुगमन मूल्याङ्कन गर्न नगरपालिकाले आवश्यकता अनुसार अनुगमन समिति गठन गरी नियमित अनुगमन गर्न गराउन सक्नेछ ।

**१५.असूल उपर :**

यस कार्यक्रमबाट पदान गरिएको रकम अन्यत्र वा अन्य कुनै क्षेत्रमा प्रयोग भयमा कानुन अनुसार असुल उपर गरिनेछ ।

**१६.कालोसुचिमा राख्न सकिने :**

(१) कार्यविधि वमोजिम काम गर्न उपलब्ध गराईएको रकमको दुरुपयोग गर्ने, प्रतिवेदन पेश नगर्ने, अनुगमन कार्यमा सहयोग नगर्ने, वित्तिय लेखापरिक्षण नगराउने, विवरण सार्वजनिक नगर्ने तथा सम्झौताका शर्त विपरित कार्य गरेको पाईएमा सहकारी संस्थालाई नगरपालिकाले कालोसुचीमा राख्न सक्नेछ ।

(२) कालो सुचीमा परेका सहकारी संस्थालाई आगामी पाँच बर्ष सम्म नगरपालिकाले कुनै पनि रकम उपलब्ध गराउने छैन ।

## परिच्छेद-५

## लेखा र लेखापरिक्षण सम्बन्धी व्यवस्था

**१७. लेखा राख्नुपर्ने :**

यस कार्यविधि बमोजिम साझेदारीमा काम गर्ने गरी प्राप्त गरेको रकम आय व्यवको विवरण प्रष्ट देखिने गरी प्रचलित कानुन बमोजिम तोकिएको ढाँचामा दोहोरो लेखा प्रणलीमा आधारित स्रेस्ता सम्बन्धित सहकारी संस्थाले राख्नुपर्नेछ । नगरपालिकाबाट माग भएका वखत आय व्ययको प्रमाणित छाँयाप्रति उपलब्ध गराउनु पर्नेछ ।

**१८. लेखापरीक्षण गराउनुपर्ने :**

(१) कार्यक्रम संचालनमा भएको आय व्ययको नेपाल सरकारबाट मान्यता प्राप्त लेखापरिक्षकबाट वार्षिक रुपमा अन्तिम लेखापरिक्षण गराउने जिम्मा कार्यक्रम संचालन गर्ने सहकारी सस्थाको हुनेछ ।

(२) उपदफा (१) बमोजिम गरिएको लेखापरिक्षणको प्रतिवेदनको छायाकपी नगर कार्यपालिकाको कार्यालयमा अनिवार्य रुपमा पठाउनु पर्नेछ ।

# परिच्छेद-६

# विविध

**१९. व्याख्या गर्ने अधिकार :**

यस कार्यविधिको कार्यान्वयनको सिलसिलामा कुनै प्रावधानमा द्विविधा उत्पन्न भएमा कार्यविधिको भावना र मर्मको प्रतिकुल नहुने गरी नगरपालिकाले कार्यविधिको व्याख्या गरी आवश्यक आदेश जारी गर्न सक्नेछ । यस सम्बन्धमा नगरपालिकाले गरेको व्याख्या अन्तिम हुनेछ ।

**२०. प्रचलित कानून लागु हुने :**

यस कार्यविधिमा उल्लेख भए बाहेकको विषयमा प्रचलित कानून बमोजिम हुनेछ ।

# अनुसुची -१

# सहकारी संस्था मार्फत वीउपूंजी तथा घुम्ती कोष कार्यक्रम संचालनका लागी

## प्रस्ताव आव्हानको सूचना

सूचना । सूचना ॥ सूचना ॥।

यस मुसीकोट नगर पालिकाको आर्थिक बर्ष .................... को स्वीकृत बार्षिक कार्यक्रम अनुसार सहकारी संस्थाहरुमा आवद्ध सदस्यहरुको आयबृद्धि गरी गरिवी निवारणमा टेवा पुर्याउने उद्धेश्यका साथ सहकारी संस्था मार्फत वीउपूंजी तथा घुम्तीकोष कार्यक्रम संचालन गर्ने कार्यक्रम रहेकोले यस कार्यालयमा दर्ता भई नगरपालिका क्षेत्र भित्र क्रियाशिल इच्छुक सहकारी संस्थालाई मिति ..................... गते भित्रयस कार्यालयमा प्रस्ताव पेश गर्न यो सुचना प्रकाशित गरिन्छ ।

प्रस्तावसाथ संलग्न गर्नुपर्ने आवश्यक कागजातहरु

१. संस्था दर्ताको प्रमाण पत्रको प्रतिलिपि (चालु आ.व.को नविकरण गरेको)

२. संस्थाको विनियमावली

३. प्रस्तावित व्यवसायको अनुसुची ३ अनुसारको प्रस्तावना

४. संस्था दर्ताको हकमा गत आ.व. को संस्थाको लेखा परीक्षण भएको प्रतिवेदनको प्रतिलिपि

५. संस्था दर्ताको हकमा गत आ.व. सम्म कर बुझाएको वा छुट भएको भए सम्बन्धीत कार्यालयको प्रमाण

६. संचालक समितिबाट सहकारी संस्था मार्फत वीउपूंजी तथा घुम्ती कोष कार्यक्रम संचालन गर्ने निर्णय

७. प्रतिबद्धता पत्र

८. संस्था तथा प्रस्तावसंग सम्बन्धित अन्य कागजातहरु

## अनुसुची -२

## सहकारी संस्थाहरुले पेश गर्ने आवेदनको ढाँचा

श्रीमान् प्रमुख प्रशासकीय अधिकृत ज्यू,

मुसिकोट नगर कार्यपालिकाको कार्यालय, रुकुम (पश्चिम)

**विषय : वीउपूंजी तथा घुम्ती कोष कार्यक्रम संचालन गर्न प्रस्ताव पेश गरिएको ।**

तहां कार्यालयबाट मिति ...................... मा प्रकाशित सूचना अनुसार यस ...................... सहकारी संस्थाले सहकारी संस्था मार्फत वीउपूंजी तथा घुम्ती कोष कार्यक्रम संचालन गर्न सहकारीका संचालक समिति/साधारण सभाको मिति ...................... को बैठकको निर्णय भए बमोजिम सुचनामा तोकिएका कागजात संलग्न राखी वीउपूंजी तथा घुम्ती कोष कार्यक्रम संचालन कार्यविधि २०७७ को अनुसुची-३ बमोजिमको परियोजना विवरण फाराम भरी यो दरखास्त पेश गरिएको छ ।

सहकारी संस्था मार्फत वीउपूंजी तथा घुम्ती कोष कार्यक्रम संचालन कार्यविधि, २०७७ को शर्त, बन्देजहरु पालना गर्न संस्था मन्जुर रहेको व्यहोरा अनुरोध गर्दछु ।

भवदीय

दस्तखत :

.....................

अध्यक्षको

नाम,थर :

संस्थाको नाम र ठेगाना :

संस्थाको छाप :

सम्पर्क नम्बर :

मिति :

## अनुसूची -३

## सहकारी संस्थाबाट प्रस्ताव गरिएको व्यबसायको प्रस्ताव विवरण

१) सहकारी संस्थाको नाम :

ठेगाना :

जिल्ला :

न .पा. :

वडा नं. :

गाउटोल :

२) मिति र दर्ता नम्बर :

३) परियोजनाको नाम :

४) परियोजना सञ्चालन गरिने स्थल :

जिल्ला :

न .पा. :

वडा नं. :

गाउँ टोल :

५) परियोजना प्रारम्भ हुने मिति :

६) परियोजना सम्पन्न हुने मिति :

७) प्रस्तावित परियोजनाको कुल लागत रु.........................

७.१) सहकारीले ब्यहोर्ने कुल रकम रु.........................

७.२) नगरपालिकाबाट माग गरिएको रकम रु.....................

८) परियोजनाको बिस्तृत बिबरण :

| क) परियोजना | व्यवसायका प्रकार | व्यबसायी संख्या | सहकारीले बिनियोजन गर्ने | व्यवसायीले लगानी गर्ने | व्यवसाय सफल हुने आधारहरु |
|---|---|---|---|---|---|
| अन्तरगत सञ्चालन गरिने उद्यम /व्यवसायहरुको बिबरण | | | ऋण रकम रु | रकम रु | |
| | | | | | |

नोटः प्रस्ताव पेश गर्ने सहकारीहरुले माथि प्रस्तावित योजनाहरु सम्बन्धित पालिकाको आर्थिक विकास शाखाको समन्वयमा तयार गर्नुपर्नेछ । प्रस्ताव स्वीकृत भएका खण्डमा सोही व्यवसायहरु संचालन हुने गरी आफ्ना सदस्यहरुबाट प्रस्ताव आब्हान गरी संचालन गर्नुपर्नेछ ।

(क) व्यवसायीहरुको बिबरण

| सि. न. | व्यवसायका प्रकार | व्यवसायी संख्या | | | | | | व्यवसायले ऋण तिर्न सक्ने आधारहरु |
|---|---|---|---|---|---|---|---|---|
| | | दलित | महिला | एकल महिला | द्वन्द्व पिडित | जनजाती | अन्य | |

(ख) व्यवसायको बिबरण

| सि.न. | व्यवसायका किसिम | उत्पादन क्षेत्रफल र विवरण | बजारीकरण योजना | व्यवसायीहरुको प्राबिधिक क्षमता पुग्ने आधारहरु वा नभएमा कसरी प्राविधिक सेवा पुग्नेछ, सो खुलाउने |
|---|---|---|---|---|
| | | | | |

(ग) सहकारीले माथि उल्लेखित व्यवसायहरु परियोजनामा उल्लेख गर्नाका कारणहरु :

| सि.न. | व्यवसायका प्रकारहरु | प्रस्ताव गर्नाका कारणहरु |
|---|---|---|
| | | |

(घ) सहकारीले आफ्नो लगानी हुने रकम असुल के कसरी गर्नेछ, ( असुली योजना उल्लेख गर्ने)

(ङ) सहकारीले आफ्नो कोषबाट लगानी हुने रकममा आफ्नो ऋण लगानी विनियमावली भन्दा के भिन्न तरिकाले छनोट हुने ऋणीलाई सहुलियत प्रदान गर्नेछ । (ऋण लगानी विनियमावलीबाट प्राप्त गर्ने ऋणी र यस कार्यक्रमबाट प्राप्त गर्ने ऋणीमा के कस्तो सहुलियत/सेवा/फरक पाउने उल्लेख गर्ने )

(च)ऋणीहरुबाट व्यवसाय संचालन पश्चात हुने प्रभाव / उपलब्धी / परिबर्तन बिबरण :

| सि.न. | व्यवसायका प्रकार | उपलब्धिहरु | अन्य प्रभावहरु |
|---|---|---|---|

| | | | | | |
|---|---|---|---|---|---|
| | | आर्थिक | सामाजिक | सास्कृतिक | |
| | | | | | |

(छ) सहकारीले प्रस्ताव गरेका परियोजनाबाट माथि उल्लेख गरिएका बिबरण बाहेक अन्य केही उपलब्धि/आवश्यकता/उपयोगिता/लगायत अन्य केही सुचना भए उल्लेख गर्ने ।

९. सदस्य सहभागिताको अवस्था :

| वर्गिकरण | सहभागिता | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | साधारण सदस्यता | | संचालक समितिमा | | आयोजनाबाट प्रत्यक्ष लाभान्वित हुनेमा | | |
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | |
| महिला | | | | | | | |
| एकल महिला | | | | | | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| एकल पुरुष | | | | | | | | |
| अपाङ्ग | | | | | | | | |
| दलित समुदाय | | | | | | | | |
| पिछडिएका अल्प संख्यक जनजाती | | | | | | | | |
| अन्य | | | | | | | | |
| जम्मा | | | | | | | | |

१०. कार्यक्रमसँग सम्मबन्धित भौतिक पूर्वाधार तथा उत्पादन सम्बन्धी विवरण :

१०.१. कार्यालयको भौतिक स्थीति : आफ्नै भवन/भाडाको घर

१०.२. संस्थागत सुशासनको स्थिति :

(क) संचालक समितिको बैठक नियमित छ / छैन

(ख) बार्षिक साधारणसभा नियमित छ /छैन

(ग) लेखा परिक्षण नियमित छ/छैन

(घ) सघंहरुमा आवद्ध छ/छैन

(ङ) कार्य संचालन नियमावली छ/छैन

छ भने कति वटा :

(च) कार्यक्रमको सम्भाव्यता अध्ययन छ/छैन

(छ) भएको भए व्यवसायको बार्षिक मुनाफा दर :

## अनुसुची-४

# वीउपूंजी तथा घुम्ती कोष कार्यक्रम अन्तरगत ऋण लिनका लागी प्रस्ताव आव्हानको सूचना

सुचना । सुचना ॥ सुचना ॥।

यस ........................................................ सहकारी र मुसीकोट नगरपालिका बिच भएको सम्झौता बमोजिम वीउपूंजी तथा घुम्ती कोष कार्यक्रम संचालन मार्फत सहकारीका सदस्यहरुलाई जिविकोपार्जन तथा आयआर्जनका लागि संस्थाका दलित, महिला, एकल महिला, जनजाती तथा अति बिपन्न र अन्य इच्छुक सदस्यहरुलाइ अनुसुची ५ बमोजिमको निवेदन र अनुसुची ६ बमोजिमको व्यवसायीक योजना तथा देहाय बमोजिमका कागजपत्र सहित १५ दिन भित्र व्यवसाय प्रस्तावपत्र पेश गर्नका लागी यो सुचना प्रकाशित गरिएको छ ।

थप जानकारीका लागी सम्पर्क नं. : ..................

सम्पर्क व्यक्तिको नाम :

प्रस्तावसाथ संलग्न गर्नपर्ने आवश्यक कागजातहरु

(क) ऋण माग गर्ने सहकारी सदस्यको नागरिकता

(ख) ऋृण माग गर्ने सदस्यको जग्गाधनी पूर्जा

(ग) अनुसुची ५ अनुसारको निवेदन

(घ) कुनै व्यवसाय दर्ता गरेको भए वा संचालन गरिरहेको भए सो प्रमाण खुलाउने कागजपत्रहरु

(ङ) प्रस्तावसंग सम्बन्धित अन्य केहि कागजपत्रहरु भए संलग्न गर्ने ।

(च) सहकारी संस्थाको शेयर सदस्य प्रमाणपत्रको प्रतिलिपि ।

## अनुसुची-५

# ऋण माग तथा व्यवसाय संचालन गर्ने सहकारी सदस्यहरुले पेश गर्ने आवेदनको ढाँचा

श्री अध्यक्ष ज्यू,

.................... सहकारी संस्था

..................................

**बिषय : <u>व्यवसाय संचालन गर्नका लागि प्रस्ताव पेश गरिएको ।</u>**

तहां सहकारी संस्थाबाट मिति ..................... मा प्रकाशित सुचना अनुसार म/हामी ......................... ले यस सहकारी संस्थाको सदस्य भइ नियमित रुपमा बचत कार्य पनि गरिरहेको हुदाँ मैले /हामीले ............................. व्यवसाय संचालन गर्ने सोच बनाएकोले यस सहकारी संस्था मार्फत घुम्ती कोष कार्यक्रमबाट ऋण लगानी गरिपाउ भनि सुचनामा तोकिएका कागजात र अनुसुची - ६ बमोजिमको व्यवसायिक योजना सहित यो दरखास्त पेश गरिएको छु / छौ । ऋण स्वीकृत भएमा आफ्नो व्यवसाय संचालन गरी सहकारीको नियम अनुसार ऋण तथा साँवा भुक्तानी गर्नेछु / भनि मन्जुरीनामा समेत गरेको छु /छौ ।

भवदिय

....................

...

नाम,थर :

सहकारी संस्थाको नाम र ठेगाना :

सम्पर्क नम्बर :

मिति :

## अनुसुची-६

# सहकारीबाट ऋण माग गर्ने व्यवसायीको परियोजना योजना

(१) व्यवसायीका नाम :

ठेगाना :

जिल्ला :

न.पा. :

वडा नं. :

गाँउटोल :

(२) सहकारीको सदस्यता लिएको मिति :

(३) सहकारीमा बचत गरिरहेको मिति र हालसम्म बचत रकम :

(४) व्यवसायको नाम :

(५) व्यवसाय संचालन गरिने स्थल :

जिल्ला :

न.पा.

वडा नं. :

गाउटोल :

(६) व्यवसाय प्रारम्भ हुने मिति :

(७) प्रस्तावित व्यवसायको कुल लागत रु .................

(७.१) सहकारीबाट माग गरिएको कुल रकम रु.................

(७.२) आफुले लगानी गर्ने रकम रु ..............................

(८) व्यवसायको बिस्तृत विवरण :

(क) उत्पादन व्यवसाय भए :

उत्पादन गरिने बस्तुहरु (कृषि/पशुपालन)

उत्पादन गरिने क्षेत्रफल (कृषि/पशुपालन संख्या)

उत्पादन गरिने बालीहरुको जात (कृषि) /उन्नत जातका पशु :

(ख) व्यवसायमा गरिने प्रमुख कियाकलापहरु :

| सि.न. | व्यवसायमा गरिने कियाकलापहरु | कियाकपालमा लाग्ने बिउ परिमाण /श्रम शक्ति/मल | कियाकलापका अनुमानित खर्चहरु (रकम रु.) |
|---|---|---|---|
| | | | |

| | | | |
|---|---|---|---|
| | | परिमाण | |
| १. | जस्तै टमाटर खेती व्यवसाय हो भने बिउ किन्ने देखी लिएर खन्ने, लगाउने, फल टिप्ने बेच्ने जस्ता सबै क्रिउाकलापहरु राख्ने । | | |
| २. | | | |

(ग) व्यवसायमा लाग्ने औजार उपकरण तथा मेशिनरीका विवरण :

| सि.न. | औजार,उपकरण तथा मेशिनरी विवरण | संख्या | अनुमानित लागत | कैफियत |
|---|---|---|---|---|
| | | | | |

(घ) व्यवसायको बजारीकरण योजना

| सि.न. | व्यवसायबाट उत्पादन हुने बस्तुहरु | उत्पादन हुने परिमाण | बजार स्थल | अनुमानित बिकि मुल्य | अनुमानित जम्मा आम्दानी रकम रु. |
|---|---|---|---|---|---|
| | | | | | |

# अनुसुची-७

## प्रारम्भिक जाँच सुची

१. सुचनाको म्याद भित्र दरखास्त दर्ता भए /नभएको

२. सुचनामा तोकिएका सबै कागजात संलग्न भए /नभएको

३. पछिल्लो बार्षिक साधारण सभा समयमै गरेको /नगरेको

४. पछिल्लो संचालक समितिको निर्वाचन समयमै गराएको /नगराएको

५. पछिल्ला बार्षिक लेखापरिक्षण समयमै गराएको / नगराएको

६. यस अघि अनुदान प्राप्त गरेको भए सदुपयोग गरेको /नगरेको

७. कार्यक्षेत्र भन्दा बाहिर गई कारोबार संचालन गरेको /नगरेको

८. संस्था संचालनमा आएको कम्तीमा २ आर्थिक बर्ष पुरा भएको /नभएको

९. वीउपूंजी सम्बन्धी कार्यक्रमको हकमा प्रारम्भिक साधारण सभा सम्पन्न भएको /नभएको

१०. कर चुक्ता प्रमाण पत्र भएको /नभएको

११. पुजिगत कार्यक्रमको हकमा बचत तथा ऋणको मुख्य कारोबार गरेको /नगरेको

१२. लेखा समितिको बार्षिक प्रतिवेदन पेश भए /नभएको

द्रष्टव्य :

..................................................................................

..............................

..................................................................................

...............................

जााच गर्ने कर्मचारी : प्रमाणित गर्ने कर्मचारी :

नाम ,थर : नाम ,थर :

दस्तखत : दस्तखत :

पद : पद :

मिति : मिति :

# अनुसुची-८

## सहकारी संस्थाबाट प्राप्त परियोजना प्रस्ताव मुल्याङकनका आधारहरु

| सि.न. | आधार | अङ्क | पूर्णाङ्क |
|---|---|---|---|
| क) | सहकारीको आर्थिक सामाजिक भौतिक लगायत व्यवस्थापनका मुल्याङकनको प्राप्ताङक | | ४० |
| १. | सीमान्तकृत समुदायको सहभागिता ( दलित, जनजाती, एकल महिला) | ५ | |
| २. | सहकारीको साधारण सभा, लेखा परिक्षण, कर चुक्ता लगायतका सम्पुर्ण कियाकलाप पुरा गरेको | ५ | |
| ३. | सहकारीको ऋण लगानी समिति गठन भइ ऋण लगानी कार्य भएको (रु.१० लाख भन्दा बढि लगानी भएकालाई पुर्ण प्राप्ताङक दिइने) | ५ | |
| ४. | संचालक समितिको नियमित बैठक भइ सहकारी राम्रोसँग कार्य गरेको | ५ | |

| | | | |
|---|---|---|---|
| ५. | सहकारीको भाका नाघेका ऋणीहरुको रकम रु.५ लाख भन्दा कम भएको । | ५ | |
| ६. | सहकारीको भौतिक पूर्वाधारहरु (भवन, मेसिनरी, सडक, सुचना प्रविधि आदि ) | ५ | |
| ७. | सहकारीको कार्य सम्पादन, प्रभावकारीता तथा कार्यक्षेत्र बिस्तार | ५ | |
| ८. | सहकारीको संचालक समितिका पदाधिकारीहरुको समाबेशिता | ५ | |
| **ख)** | **सहकारीबाट प्राप्त प्रस्तावका मुल्याङकनको प्राप्ताङक** | | **६०** |
| १. | साना तथा मझौला कृषि तथा पशुपालन व्यवसाय | १० | |
| २. | गैर कषिमुलक उद्यम तथा व्यवसाय | १० | |
| ३ | ५० प्रतिशत भन्दा बढि दलित महिला एकल महिला, द्धन्द्ध पिडित तथा जनजाती लाभान्वित हुने व्यवसायी | १० | |

| | | | |
|---|---|---|---|
| ४. | प्राविधिक, आर्थिक, सामाजिक रुपमा सफल हुने परियोजना | १० | |
| ५. | परियोजनाको सदस्य केन्द्रियता ( उत्पादनमुलक संस्थामा सदस्यबाट खरिद उपभोक्ता संस्थामा सदस्यहरुलाई विकि र रोजगारीमुलक संस्थामा सदस्यलाई रोजगारी ) | १० | |
| ६. | परियोजनाबाट सिर्जना हुने रोजगारी | १० | |

नोट : प्रस्ताव छनोट समितिले माथिका आधार बाहेक अन्य आधारहरु पनि राखेर परियोजना प्रस्ताव तथा सहकारीको मुल्याङकन गर्न सक्नेछ ।

## अनुसुची-९

# ऋण माग गर्ने व्यवसायीहरुबाट प्राप्त भएका व्यवसायीक योजनाको मुल्याङकनका आधारहरु

| सि.न. | आधार | अङ्क | पूर्णाङ्क |
|---|---|---|---|
| क) | ऋण माग गर्ने व्यवसायीको मुल्याङनक प्राप्ताङ्क | | ३० |
| १. | सीमान्तकृत समुदायको प्रतिनिधित्व (दलित, जनजाती,एकल महिला, द्धन्द्ध पिडित र अति बिपन्न) | १० | |
| २. | ऋण माग गर्ने व्यवसायीले यो भन्दा पहिला ऋण लिएको भए सावाँ तथा व्याज भुक्तानी गर्ने गरेको (तथापी एक पटक पनि ऋण नलिएकालाई प्राथमिकता दिनुपर्ने ) | १० | |
| ३. | ऋण माग गर्ने व्यवसायीले | १० | |

| | | | |
|---|---|---|---|
| | नियमित बचत गर्ने गरेको | | |
| ख) | ऋण माग गर्ने व्यवसायीको व्यवसायिक योजनाको मूल्याङ्कन प्राप्ताङ्क | | ७० |
| १. | साना तथा मझौला कृषि पशुपालन व्यवसाय | १५ | |
| २. | गैर कृषिमुलक उद्यम तथा व्यवसाय | १० | |
| ३. | ५ जना भन्दा बढि रोजगार हुने व्यवसाय | १० | |
| ४. | प्राविधिक, आर्थिक, सामाजिक रुपमा सफल हुने व्यवसायिक योजना | १० | |
| ५. | व्यवसायिक योजनाले संस्थाका सदस्यबाट खरिद, उपभोक्ता सस्थाका सदस्यहरुलाई विकि र सदस्यलाई रोजगारीमुलक | १० | |

| | | | |
|---|---|---|---|
| | हुने | | |
| ६. | ऋृण माग गर्ने व्यवसायीले ऋृण बाहेक आफ्नो पनि पैसा लगानी गर्ने व्यवसायिक योजना भएको | १५ | |

आज्ञाले,

नरवीर खड्का
निमित्त प्रमुख प्रशासकीय अधिकृत